# रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार नियमावली २०६७

## १. प्रस्तावना

किरात याक्थुङ (लिम्बू जाति) को भाषा, धर्म, संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि मौलिक याक्थुङ मुन्धमको क्षेत्रमा खोज तथा अनुसन्धानगरी महत्वपूर्ण भूमिका निर्वाहगर्ने व्यक्ति, समूह तथा संस्थाहरुको भूमिका तथा योगदानलाई उच्च मूल्याङ्कनगर्दै प्रोत्साहन एवम् सम्मानस्वरुप.पुरस्कार प्रदानगर्नका लागि दिवङ्गत आत्माहरु क्रमशः पूज्याबजू रत्नशोभा फागो चोङबाङ याक्थुम्बा, पूज्यबाजे डिट्टा दलकर्ण फोम्बो याक्थुम्बा, पूज्यामाता शुभलक्ष्मी कुरुम्बाङ याक्थुम्बा, पूज्यपिता दुर्गाकर्ण फोम्बो याक्थुम्बा, श्रद्धेयदाजु कालीप्रसाद फोम्बो याक्थुम्बा, श्रद्धेयादिदी सुश्री दीपा फोम्बो याक्थुम्बा, प्रियाधर्मपत्नी अरुणा ल्केप्चईं याक्थुम्बा तथा प्रियपुत्र अपूर्व फोम्बो याक्थुम्बाको सम्झनामा किरात याक्थुङ चुम्लुङका पूर्व अध्यक्ष एवम् वर्तमान केन्द्रीय सल्लाहकार मञ्जुल फोम्बो याक्थुम्बाबाट प्राप्त रकम रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) को एक पुरस्कार अक्षय कोष स्थापनागरी संचालन गर्नका लागि किरात याक्थुङ चुम्लुङको विधान २०४६ दफा (६०) को अधिकार प्रयोगगरी “रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार” नियमावली २०६७ निर्माण गरी लागू गरिएको छ ।

## २. उद्देश्य

(क) मौलिक याक्थुङ मुन्धुमको क्षेत्रमा अध्ययन अनुसन्धनगरी मुन्धुमको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाहगर्ने व्यक्ति वा समूह वा संस्थालाई सम्मानस्वरुप पुरस्कार प्रदान गर्ने ।

## परिच्छेद- १
## प्रारम्भिक

## ३. संक्षिप्त नाम र प्रारम्भ

(क) यो नियमावलीको नाम “रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार” नियमावली २०६७ रहेको छ ।

(ख) यो नियमावली किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिको पूर्ण बैठकले पारित गरेपछि लागू हुनेछ ।

## ४. परिभाषा

(क) ‘विधान’ भन्नाले किरात याक्थुङ चुम्लुङको विधान सम्झनु पर्दछ ।

(ख) ‘नियमावली’ भन्नाले “रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार” नियमावली २०६७ लाई सम्झनु पर्दछ ।

(ग) ‘नियम’ र ‘उपनियम’ भन्नाले रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार नियमावलीमा उल्लेख गरिएका नियम र उपनियमहरुलाई सम्झनु पर्दछ ।

(घ) 'किरात याक्थुङ चुम्लुङ' भन्नाले नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं दर्ता नं. १७५/०४७/४८ र समाज कल्याण परिषद् दर्ता नं. १६९६ को स्थापित संस्थालाई सम्झनु पर्दछ।

(ङ) 'पुरस्कार' भन्नाले यस नियमावली बमोजिम व्यवस्था भएको पुरस्कारलाई सम्झनु पर्दछ।

(च) 'संस्थापक दाता' भन्नाले यो "रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार" को पुरस्कार कोष स्थापनाका लागि रकम प्रदान गर्ने व्यक्ति सम्झनु पर्दछ।

(छ) 'संचालक समिति' भन्नाले यस नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम गठन गरेको समितिलाई सम्झनु पर्दछ।

(ज) 'पुरस्कार छनौट समिति' भन्नाले संचालक समितिले नियम १० को उपनियम १ बमोजिम गठन गरेको समितिलाई सम्झनु पर्दछ।

(झ) 'केन्द्रीय कार्य समिति' भन्नाले किरात याक्थुङ चुम्लुङको विधान बमोजिम निर्वाचित कार्य समितिलाई सम्झनु पर्दछ।

(ञ) 'केन्द्रीय सचिवालय' भन्नाले किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिले गठन गरेको सचिवालयलाई सम्झनु पर्दछ।

(ट) 'पुरस्कार कोष' भन्नाले विधान र आर्थिक नियमावली अनुसार "रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार" को लागि स्थापना गरिएको अक्षय कोष सम्झनु पर्दछ।

## परिच्छेद २
## संस्थापक दाता, संचालक समितिको गठन, काम, कर्तव्य र अधिकार

### ५. संस्थापक दाता

"रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार" का लागि अक्षयकोषमा रु ५,००,०००/-(पाँच लाख रुपैयाँ) रकम प्रदानगर्ने दाता श्री मञ्जुल फोम्बो याक्थुम्बालाई संस्थापक दाता सम्झनु पर्दछ।

### ६. संचालक समितिको गठन

(१) रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालन तथा व्यवस्थापनका लागि किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिले निम्नानुसार प्रतिनिधित्व हुने गरी एक रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालक समिति निर्माण गर्ने छ।

| | |
|---|---|
| (क). पुरस्कार कोषका संस्थापक दाता | १ (अध्यक्ष) |
| (ख). किरात याक्थुङ चुम्लुङबाट मनोनित याक्थुङ मुन्धुमका विज्ञहरु | २ सदस्य |
| (ग). संस्थापक दाता बाट मनोनित | १ सदस्य |
| (घ). किरात याक्थुङ चुम्लुङले केन्द्रीय कार्य समितिबाट तोकेको एक प्रतिनिधि | १ सदस्य सचिव |

(२) रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालक समितिको अध्यक्षता र अन्य सम्वन्धमा देहाय बमोजिम व्यवस्था हुनेछ :

(क) रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालक समितिको संस्थापकदाता पदेन अध्यक्ष हुनेछ ।

(ख) संस्थापकदाताको निधन भएमा निजको पत्नी अध्यक्ष पदेन हुनेछ ।

(ग) उपनियम (२) को (क) र (ख) बमोजिमको व्यवस्था बाहेक अन्यको हकमा संस्थापक दाताको नजिकको हकदार तोकिए बमोजिम संचालक समितिको संस्थापक दाताको प्रतिनिधिको रुपमा पदेन सदस्य हुनेछ । निज सदस्यले उपनियम (१) को (ग) बमोजिम संचालक समितिमा प्रतिनिधित्व गर्ने एक सदस्य मनोनित गर्न सक्नेछ ।

(घ) उपनियम (२) को (क) र (ख) बमोजिमको व्यवस्था विद्यमान नरहेको अवस्थामा संचालक समितिको बैठकले आफूहरुमध्येबाट एकजना सदस्यलाई संचालक समितिको अध्यक्ष चयन गर्नेछ ।

(३).रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालक समितिको कार्यावधि ४ वर्षको हुनेछ ।

## ७. संचालक समितिको काम, कर्तव्य र अधिकार

संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार सम्वन्धी प्रचार प्रसार गर्ने,

(२) पुरस्कार कोषको लेखा व्यवस्थापन गर्ने, लेखा परिक्षण गर्ने, गराउने,

(३) रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार संचालक समितिको आवश्यकता अनुसार बैठक बस्ने

(४) पुरस्कार छनौटका लागि विशेषज्ञहरुको एक पुरस्कार छनौट समिति निर्माणगर्ने,

(५) पुरस्कार प्राप्तगर्ने व्यक्ति वा समूह वा संस्थाको नाम घोषणा गर्ने,

(६) यस नियमावलीको नियम १० को उपनियम (६) बमोजिम उजुरी परेमा सम्बन्धित विशेषज्ञहरु सम्मिलित एक छानविन समिति गठनगरी सो छानविन समितिले पेश गरेको प्रतिवेदनको आधारमा निर्णय गर्ने,

(७) पुरस्कार हरेक २, २ वर्षमा किरात याक्थुङ चुम्लुङको स्थापना दिवसको अवसरमा संचालक समितिको अध्यक्षबाट वितरण गर्ने,

(८) पुरस्कार संचालक समितिको वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिलाई दिने,

(९) पुरस्कार नियमावली आवश्यकता अनुसार संशोधन गर्नका लागि किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिमा सिफारिस गर्ने,

# परिच्छेद ३
# पुरस्कार कोष, संचालन, सहभागिता र मापदण्ड

## ८. पुरस्कार कोष

(१) पुरस्कार कोषका संस्थापकदाताबाट प्राप्त रकम रु. ५,००,०००/- (पाँच लाख रुपैयाँ) को एक पुरस्कार अक्षय कोष  हुनेछ ।

(२) पुरस्कार रकमको श्रोत पुरस्कार अक्षय कोषबाट प्राप्त व्याज र अन्य तोकिएको श्रोत हुनेछ ।

(३) पुरस्कार अक्षय कोषमा जम्माभएको रकम कुनै हालतमा पनि खर्च गर्न पाइनेछैन ।

(४) पुरस्कार रकम रु.१,००,०००/- (एक लाख रुपैयाँ) सहित एक प्रमाण पत्र हुनेछ ।

(५) एक भन्दा बढी व्यक्ति वा समूह वा संस्था पुरस्कृत भएमा सो पुरस्कारको धनराशि दामासाहीको आधारमा प्रदान गरिनेछ ।

(६) पुरस्कार कोष वृद्धिका लागि पुरस्कार कोष संस्थापकदाता वा निजको उत्तराधिकारी परिवारजनहरुले रकम थपगर्न सक्नेछन । तर संस्थापकदाता वा निजको उत्तराधिकारी परिवारजनबाहिरकाहरुले भने रकम थपगर्न सक्ने छैन ।

(७) पुरस्कार कोषको एक छुट्टै खाता संचालन हुनेछ । पुरस्कार  संचालक समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता संचालन हुनेछ ।

## ९.रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कारमा सहभागिता र मापदण्ड

(१) मौलिक याक्थुङ मुन्धुम सम्वन्धी प्रकाशित कृतिहरु सहभागी हुनेछन् ।

(२) संचालक समितिलाई सम्बन्धित प्रतिस्पर्धीबाट उपलब्ध वा अन्य कुनै श्रोतबाट प्राप्त प्रकाशित मौलिक कृति वा कृतिहरुलाई सहभागी गराइनेछ ।

(३) कृतिको आधारमा व्यक्ति वा समूह वा संस्थाले जति पटक पनि सहभागी हुन पाउनेछ ।

(४) सहभागी कृति वा कृतिहरु मौलिक मुन्धुममा आधारित खोजमूलक, अनुसन्धानात्मक र तथ्यपरक हुनु पर्नेछ ।

(५) किरात सिरिजङ्गा लिपि, लिम्बूभाषाको प्रचार प्रसार, संरक्षण र मौलिक मुन्धुमको महत्वसमेत राम्ररी दिलाउन सकियोस भन्ने मूल उद्देश्यलिई पुरस्कारको स्थापना गरिएकोले प्रतिस्पर्धाको लागि प्रस्तुतहुने कृति वा कृतिहरुमा निम्न लिखित बुँदाहरु समावेश भएको हुनु पर्नेछ :

(क) प्रतिस्पर्धाको लागि सहभागी कृति वा कृतिहरु किरात सिरिजङगा लिपिमा लेखिएका लिम्बू भाषाका कृतिहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) प्रतिस्पर्धाका कृति वा कृतिहरु देवनागरी वा किरात सिरिजङ्गा लिपिबाट लिम्बूभाषामा लेखिए तापनि नेपाली वा अंग्रेजी भाषामा उल्था गरिएको हुनुपर्नेछ ।

(ग) प्रतिस्पर्धाको लागि प्रस्तुत कृति वा कृतिहरु मौलिक मुन्धुममा आधारित खोजमूलक, अनुसन्धानात्मक र सान्दर्भिक प्रमाणयुक्त हुनुपर्नेछ ।

(घ) माथि उल्लेखित मापदण्ड नपुगेको कृति वा कृतिहरु प्रतिस्पर्धाको लागि योग्य मानिने छैन ।

(५) प्रतिस्पर्धाको लागि प्रस्तुतहुने कृति वा कृतिहरु सम्वन्धित व्यक्तिले तोकिएको ढाँचा वा मितिमा स्वयम् आफैले प्रस्तुतगर्न पर्नेछ । तर संचालक समितिले विभिन्न श्रोतहरुबाट समेत प्रतिस्पर्धा गराउनका लागि कृति वा कृतिहरु संकलनगरी वा गराई प्रतिस्पर्धा गराउन सक्नेछ ।

## १०. पुरस्कार छनौट समितिको गठन र पुरस्कार छनौट प्रक्रिया र निर्णय

(१) संचालक समितिले आफूहरुमध्ये एक सदस्यको संयोजकत्वमा याक्थुङ मुन्धुम सम्बन्धी विज्ञहरुको ३ सदस्यीय एक पुरस्कार छनौट समिति गठन गर्नेछ ।

(२) पुरस्कार छनौट समितिले उपनियम ९ को व्यवस्था अनुसार पुरस्कार छनौटका अन्य मापदण्डहरु तयारगरी पुरस्कृत व्यक्ति वा समूह वा संस्था छनौटगरी संचालक समितिमा सिफारिसगर्नु पर्नेछ ।

(३) पुरस्कार छनौट समितिले आफ्नो कार्यविधि आफै निर्धारणगरे बमोजिम हनेछ ।

(४) एकभन्दा बढी कृतिहरुलाई छनौटगर्नुपर्दा ठोस आधारहरु दिनुपर्नेछ ।

(५) कृति छनौट प्रक्रियामा पुरस्कार छनौट समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(६) पुरस्कारका लागि छनौट गरिएको कृति घोषणा भएको मितिले ३५ दिनभित्र उपयुक्त कारण देखाई संचालक समितिमा विरोध वा उजुरी परेमा त्यसउपर आवश्यक छानविनगरी विरोध वा उजुरी सत्य ठहरिएमा संचालक समितिले सो घोषणा रद्दगरी पुनः छनौट प्रक्रिया अघि बढाउने छ ।

## परिच्छेद ३
## पुरस्कारको निरन्तरता, संसोधन र विशेष व्यवस्था

## ११. पुरस्कारको निरन्तरता

(क) पुरस्कार अक्षयकोषको व्याजबाट प्राप्त रकम पुरस्कार वितरण कार्यक्रमका लागि बाहेक अन्य कुनै प्रयोजनका लागि प्रयोग गर्न सकिने छैन ।

(ख) पुरस्कार अक्षयकोषको रकम पुरस्कार र पुरस्कार वितरण कार्यक्रमबाट वचत हुन आएमा पुरस्कार अक्षयकोषको मूलधनमा जम्मागरी कोषको वृद्धि गरिनेछ ।

(ग) पुरस्कारहरु प्रत्येक दुइ/दुइ वर्षमा प्रदानगर्ने भनिए तापनि वस्तुनिष्ट तथा मनासिब कारणका आधारमा निर्णयहुन नसकेमा या कुनै वर्ष पुरस्कारदिन छुटेमा पुरस्कार राशि त्यसको मूलधन अक्षयकोषमा जम्मा हुनेछ ।

## १२. विशोष व्यवस्था

(क) यस नियमावलीमा जुनसूकै कुरा लेखिए तापनि काबु बाहिरको परिस्थितिका कारणले किरात याक्थुङ चुम्लुङ निस्क्रियभई पुरस्कार सन्तोषजनक तरिकाले संचालनगर्न नसक्ने अवस्था विद्यमान भएमा सो पुरस्कारलाई निरन्तरतादिन अन्य कुनै सामाजिक संस्था वा व्यक्तिहरुको संलग्नतामा पुरस्कार समिति गठनगरी पुरस्कार वितरणगर्न

पुरस्कार संस्थापकदाता वा निजको उत्तराधिकारी हुने अध्यक्ष वा व्यक्तिलाई यस नियमावलीले वाधा पुऱ्याउने छैन ।

(ख) पुरस्कारवापत राखिएको अक्षयकोषको रकम संस्थापकदाता वा निजको शेषपछि निजका कुनैपनि उत्तराधिकारीले अन्य प्रयोजनको लागि प्रयोगगर्न वा फिर्तालान सक्ने छैन ।

(ग) नियम ८ को उपनियम ४ बमोजिम प्रदान गरिने पुरस्कारको रकम काबुभन्दा बाहिरको परिस्थिति आइलागेबाहेक घटाउन पाइने छैन ।

१३. यस नियमावलीलाई आवश्यकता अनुसार संचालक समितिको सिफारिसमा किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्य समितिले संशोधनगर्न सक्नेछ । तर यस नियमावलीको नियम १२ को विशेष व्यवस्था भने कुनै पनि अवस्थामा संशोधनगर्न सकिने छैन ।

१४. रत्नशोभा-शुभलक्ष्मी मुन्धुम पुरस्कार सम्वन्धी सर्वाधिकार किरात याक्थुङ चुम्लुङमा सुरक्षित हुनेछ ।

## १५.खारेजी र बचाउ

यस नियमावलीमा लेखिए जति यही बमोजिम र अन्यको हकमा कियाचुको विधान बमोजिम हुनेछ ।